मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

# पूर्वाञ्चल

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : ७४ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ माघ १८ गते आइतवार (Sunday, January 31. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु : ४/-

**सूचना**

भ्रष्टाचारीलाई तिरस्कार र इमान्दारीलाई पुरस्कार संस्कृतिको विकास गरौं । घुस लिने र दिने दुबै उत्तिकै दोषी हुन् ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# शहरका सिमसार मासिँदै, गाउँका 'धनसार' बन्दै





**सुरेन्द्र भण्डारी**

**बिर्तामोड, माघ १७।** अधिकांश शहरी क्षेत्रका सिमसार मासिँदै गएका छन् ।

बढ्दो शहरीकरणसंगै सिमसार क्षेत्रको संरक्षण गर्नुको सट्टा अतिक्रमण हुन थालेपछि सिमसार क्षेत्र मासिँदै गएका हुन् । भएका सिमसार क्षेत्रको उचित संरक्षण गर्नुको साटो बचेका सिमसार क्षेत्रमा फोहोर फाल्ने गरिन्छ । यसले गर्दा सिमसार क्षेत्र लगभग मासिने अवस्थामा छन् ।

सिमसार पानी र जमिन मिश्रित दलदल भएको र बाह्रैमास पानी नसुक्ने भूमि हो । यस्तो ठाउँमा दलदल या हिलो सँधै कायम रहन्छ । तर, अव्यवस्थित शहरीकरण र बस्ती विकासको चपेटामा शहरी क्षेत्रका यस्ता क्षेत्र मासिँदै गएका छन् । मानिसका लागि मात्रै नभएर जीवजन्तु, चराचुरुङ्गी, किराफट्याङ्ग्रा, वनस्पतीसहितको जैविक विविधताका लागि सिमसार क्षेत्र अति महत्वपूर्ण भए पनि संरक्षण नहुँदा झापामा त्यस्ता क्षेत्र मासिने क्रम बढ्दै गएको छ ।

बिर्तामोड नगरपालिकाभित्र रहेका केही त्यस्ता सिमसार क्षेत्र त नामेट नै भएको सरोकारवालाले बताउँदै आएका छन् । सिमसार क्षेत्रमा समेत प्लटिङ गरेर कंक्रिटका महल बनाएकाले जोखिम बढेको बताइन्छ । बिर्तामोडसहित शहरोन्मुख झापाका अन्य बजार आसपासमा रहेका सिमसार क्षेत्रको अवस्था पनि उही छ । तर, झापाका ग्रामीण क्षेत्रमा रहेका केही त्यस्ता सिमसार क्षेत्र छन् जो पछिल्लो समय 'धनसार'मा परिणत भएका छन् ।

सिमसार क्षेत्रको उचित संरक्षण गरेकै कारण कनकाई नगरपालिकाको २ र ३मा पर्ने जामुनखाडी सिमसार क्षेत्र 'धनसार' मा परिणत भएको देख्न सकिन्छ भने अर्जुनधारा नगरपालिकामा पर्ने सुखानी शहीद स्मृति पार्क पनि 'धनसार' को अर्को रुप हो ।

जामुनखाडी सिमसार क्षेत्रलाई २०५२ सालबाट पर्यटकीय क्षेत्र बनाउने अवधारणा अघि सारिएपछि स्थानीयबासीको सक्रियतामा २०५८बाट ताल उत्खनन् गर्ने काम शुरु भयो । त्यस यता त्यस ठाउँको विकास र विस्तार हुँदा सो क्षेत्र 'धनसार' मा परिणत भएको हो । हरेक वर्ष जामुनखाडी सिमसार क्षेत्रमा दुई लाख भन्दा बढी आन्तरिक तथा बाह्य पर्यटकहरु आउने गरेका छन् । जसका कारण उक्त सिमसार क्षेत्रले बर्षेनि दुई करोडभन्दा बढी आम्दानी गरिरहेको छ ।

दुर्लभ बन्यजन्तुलाई समेत संरक्षण गरेर राखेका कारण त्यस क्षेत्रमा आउने पर्यटकहरुको अघिल्ला वर्षसम्म घुइँचो नै लाग्यो । यस वर्षको शुरुवात पूर्व नै कोभिड १९को बढ्दो संक्रमणका कारण पर्यटकीय क्षेत्र पूर्ण रुपमा बन्द भए । तर, कोभिडको जोखिम कम हुँदै गएपछि पुनः सञ्चालनमा आएको सो क्षेत्र अहिले पनि पर्यटकका लागि पहिलो रोजाइ बन्ने गरेको छ । अहिले पनि दिनहुँ सयौंको संख्यामा त्यस क्षेत्रमा पर्यटकहरु आउने गरेका छन् । अझ

*(बाँकी अन्तिम पृष्ठमा)*

## जामुनखाडी: उत्कृष्ट पर्यटकीय गन्तव्य !

**टीकाराज ढकालः** अध्यक्ष
**नेपाल उद्योग वाणिज्य महासंघ, प्रदेश नं.१**

पर्यटन क्षेत्र आय-आर्जनको प्रमुख स्रोत बन्दै गएको छ। यसको उत्थानका लागि राज्यले विशेष कार्यक्रम सञ्चालन गर्नुपर्छ ।

जामुनवाडी सिमसार क्षेत्र प्रदेश १कै पर्यटकीय क्षेत्रमध्येको उत्कृष्ट गन्तव्य बन्दै गएको मैले महशुस गरेको छु । यसलाई अझ व्यवस्थित गर्न राज्यले प्याकेजमा कार्यक्रमहरु ल्याउनुपर्छ ।

यहाँको विकास अझ हुनसके बाह्य आन्तरिक पर्यटक आएर पर्यटन, प्रबर्द्धनमा महत्वपूर्ण भूमिका निर्वाह गर्छ । जसका कारण यस क्षेत्रका नागरिकको आय-आर्जन बढाउन सकिन्छ । चीनमा बिदेशी पर्यटकभन्दा आन्तरिक पर्यटक आएकै कारण चीनका हरेक पर्यटकीय क्षेत्रको विकास भएको देख्न सकिन्छ ।

त्यस्तै यहाँ पनि स्वदेशकै पर्यटकलाई आकर्षक गर्ने योजनाहरु अघि सार्दै जाने हो भने यस क्षेत्रको उत्थान सम्भव छ। झापाकै ठूलो सम्भावना बोकेको क्षेत्र भएकाले यसको विकास गर्न राज्य पनि लाग्नुपर्छ ।



**टीकाराज ढकाल**



**नरेन्द्रकुमार खड्का**



**हेमराज ढकाल**

**नरेन्द्रकुमार खड्का- सदस्य, नेपाल उद्योग वाणिज्य महासंघ**

झापाकै रमणीय स्थानमध्येको एक हो- जामुनखाडी सिमसार क्षेत्र । पारिवारिक जमघटदेखि विभिन्न सभासमारोह र घुमघामका

*(बाँकी अन्तिम पृष्ठमा)*

# अर्जुनधारा जलेश्वरधामको 'भूमिदान महाअभियान'

**अमित खम्बू**

**अर्जुनधारा, माघ १७।** नेपाल सरकारको सय पर्यटकीय गन्तव्यमा सूचीकृत पूर्वको पशुपतिनाथले परिचित झापाको अर्जुनधारा-७स्थित अर्जुनधारा जलेश्वर धामको गुरुयोजना शनिबार एक कार्यक्रमकाबीच सार्वजनिक गरिएको छ ।

गत आर्थिक वर्ष ०७६/०७७ देखि नै कार्य शुरु भई आर्थिक वर्ष ०८०/०८१सम्म सम्पन्न हुनुपर्ने उक्त गुरुयोजनामा विभिन्न ४८ वटा कार्यक्रम प्रस्ताव गरिएको धाम व्यवस्थापन समितिका अध्यक्ष नवीनकुमार गट्टानीले जानकारी दिए । सो प्रस्तावित कार्यक्रमहरु सम्पन्न गर्न अनुमानित ७१ करोड सात लाख २७ हजार रुपैयाँ खर्च हुने गुरुयोजनामा उल्लेख गरिएको छ ।

प्रस्तावित कार्यक्रमहरुमा १०८ वटा शिवलिङ्ग, पार्वती मन्दिर, पानीको फोहोरासहितको खडे बाबाको शालिक, पानीको फोहोरासहितको अर्जुनको पूर्ण कदको शालिक, संगीतमय पानीको फोहोरा, उद्यान, पुराण हल, धर्मशाला, अतिथि सदन, आयुर्वेदिक केन्द्र, स्वास्थ्य चौकी तथा प्रहरी सेवा केन्द्र, आकर्षक सूर्य कुण्ड, आकर्षक चन्द्र कुण्ड, संग्राहलयलगायत रहेका छन् ।

धाम परिसरमा हाल जलेश्वर शिवालयको मूल मन्दिर, वाणगंगा पोखरी, पञ्चधारा, लक्ष्मीनारायण मन्दिर, नटराज गणपति मन्दिर, हनुमान मन्दिर, काली नाग मन्दिर, शनि मन्दिर, मोक्षेश्वर शिवलिङ्ग, सूर्य कुण्ड, यज्ञशाला, धान्याञ्चल, गुरुकुल, सन्त निवास, शिवकुटी, श्रवण हल, खडे बाबा पार्क, किरियापुत्री भवन, अर्जुनधारा संस्कृत आदर्श माध्यमिक विद्यालयलगायत रहेका छन् ।

यसैबीच धाम व्यवस्थापन समितिले उक्त गुरुयोजनामा प्रस्तावित कार्यक्रमहरु सम्पन्न गर्नको लागि धाम परिसरमा रहेको १० कट्ठा जमिन खरिद गर्न तीन पाउ भूमि दिँदा बली राजा अमर भए, ठूलो पूण्य भयो, पितृहरु स्वर्ग गए भन्ने मुख्य नारासहित 'भूमिदान महाअभियान' भन्ने अभियान शुरु गरेको बताइएको छ । समितिका अध्यक्ष गट्टानीका अध्यक्षतामा आयोजित उक्त अभियानको प्रमुख अतिथि शिक्षासेवी जयनारायण र पत्नी अञ्जना ढुंगानाले १५ सय वर्गफिट जमिन बराबरको पाँच लाख २५ हजार रुपैयाँ रकम सहयोग गर्दै उद्घाटन गरेका थिए ।

हाल चार विगाहा १० कट्ठा क्षेत्रफल रहेको धामको लागि थप १० कट्ठा जमिन जुटाउन सकेको खण्डमा गुरुयोजनामा प्रस्तावित कार्यक्रमहरु सहजरुपमा सम्पन्न गर्न सकिने भएकाले उक्त अभियान शुरु गरिएको समितिका कोषाध्यक्ष मनोज जोशीले बताए ।

अभियान अन्तर्गत १ वर्गफिटको तीन सय ५० रुपैयाँ, ३ वर्ग फिटको एक हजार ५० रुपैयाँ, ६ वर्ग फिटको २१ सय रुपैयाँ, ९ वर्ग फिटको तीन हजार एक सय ५० रुपैयाँ, १५ वर्ग फिटको पाँच हजार दुई सय ५० रुपैयाँ, २१ वर्ग फिटको सात हजार तीन सय ५० रुपैयाँ, ३१ वर्ग फिटको १० हजार आठ सय ५० रुपैयाँ, ५१ वर्ग फिटको १७ हजार आठ सय ५० रुपैयाँ, १०१ वर्ग फिटको ३५ हजार तीन सय ५० रुपैयाँ, १५१ वर्ग फिटको ५२ हजार आठ सय ५० रुपैयाँ, ५०१ वर्ग फिटको एक लाख ७५ हजार तीन सय ५० रुपैयाँ, १००१ वर्ग फिटको तीन लाख ५० हजार तीन सय ५० रुपैयाँ र १५०० वर्ग फिटको पाँच लाख २५ हजार रुपैयाँ तोकिएको समितिका सदस्य शेखर प्रधानले जानकारी दिए ।



कोषाध्यक्ष जोशीका अनुसार अभियान शुरु भएको पहिलो दिन ८१ परिवारबाट ४३१६ वर्गफिट बराबर १५ लाख १० हजार छ सय रुपैयाँ संकलन भएको बताइएको छ ।

उक्त कार्यक्रममा बोल्दै देशदर्शन युट्युवका सञ्चालक आचार्य कुवेर सुवेदीले अर्जुनधारालाई धार्मिक पर्यटकीय स्थानको रुपमा चिनाउन सबै लाग्नुपर्ने बताएका थिए । धामका मूल अर्चक एवम् अभियानका संयोजक अग्निप्रसाद सिग्देलले औचित्य माथि प्रकाश पारेको कार्यक्रममा नेपाल पत्रकार महासंघ झापाका सहसचिव केशव भट्टराई, सन्तनु ढकाललगायतले अभियान प्रशंसनीय भएको बताए । समितिकी उपाध्यक्ष चन्द्रकला भण्डारीले स्वागत गरेको कार्यक्रमको सञ्चालन धाम समितिका सदस्य भानुप्रसाद शिवाकोटीले गरेका थिए ।

# इक्यानको सभा दोमुखामा



**झापा, माघ १७।** इक्यान झापाको प्रथम साधारणसभा झापाको दोमुखामा सम्पन्न भएको छ ।

नेपाल शैक्षिक परामर्श संघ (इक्यान)को साधारण सभाले शैक्षिक क्षेत्रको विकासका लागि एकजुट हुँदै कन्सल्टेन्सीहरु शैक्षिक परामर्शलाई अझ व्यापक बनाउने बताइएको छ ।

रोजगारीका साथै उच्च शिक्षा अध्ययनका लागि जाने विद्यार्थीलाई लक्षित गरी सञ्चालनमा आएका कन्सल्टेन्सीहरुले परामर्शको काम गर्दै आएको इक्यान झापाका अध्यक्ष सुमन शर्मा जम्मर कट्टेलले बताए ।

इक्यानका केन्द्रीय द्वितीय उपाध्यक्ष शेषराज भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा ईक्यानका केन्द्रीय सह-कोषध्यक्ष कर्ण गुरुङ, नेल्टा झापाका अध्यक्ष धर्मेन्द्र भट्टराई मामा, पुष्पराज भट्टराई, महेश श्रेष्ठ, श्रीराम गिरी, रामहरि दवाडी, खड्ग ताम्लिङ लगायतले बोलेका थिए ।

कार्यक्रममा सचिव मदन बुढाथोकी र कोषाध्यक्ष राजकुमार कार्कीद्वारा प्रस्तुत प्रतिवेदन समेत पारित गरिएको थियो । कार्यक्रममा स्वागत इक्यान झापाका उपाध्यक्ष मिलन ओलीले गरेको थिए ।

*(बाँकी अन्तिम पृष्ठमा)*

**गौरादह नगरपालिका**
**गौरादह खेलकुद विकास समिति**

मिति २०७७।१०।१९ गतेदेखि आयोजना गरिएको **गौरादह मेयर कप झापा जिल्ला अन्तर पालिका स्तरीय नकआउट पुरुष भलिबल प्रतियोगिताको**

**खेल तालिका**

**१) गौरादह VS अर्जुनधारा** — १९ गते १२ बजे
**२) कमल VS मेचीनगर** — १९ गते १:०० बजे
(१ र २ का विजेता) २० गते ३:०० बजे
**३) बिर्तामोड VS गौरीगञ्ज** — १९ गते २:०० बजे
**४) बुद्धशान्ति**
(३ का विजेता र ४) २० गते २:०० बजे
२१ गते १२:०० बजे

**२२ गते ११:०० बजे फाइनल खेल**

**५) दमक VS बाह्रदशी** — १९ गते ३:०० बजे
**६) शिवसताक्षी VS कन्काई** — २० गते १२:०० बजे
**७) भद्रपुर VS झापा** — २० गते १:०० बजे
(६ र ७ का विजेता) २१ गते ११:०० बजे
२१ गते २:०० बजे

१) खेल गौरादह-१, जनता माविको खेल मैदानमा हुनेछ ।
२) खेल शुरु हुनुभन्दा आधा घण्टा अगाडि नै खेलाडीले खेल मैदानमा उपस्थित भइसक्नुपर्नेछ ।

**नोटः क्वाटर फाइनलसम्मका सम्पूर्ण खेलहरु वेस्टअफ ३का आधारमा हुनेछन् ।**
**सेमीफाइनल र फाइनल खेलहरु वेस्टअफ ५का आधारमा हुनेछन् ।**

**समाल रियल स्टेट प्रा.लि.**

**जग्गा खरिद बिक्री केन्द्र**

**बिर्तामोड र अर्जुनधारा नगरपालिका विशेष**

गोर्खा सुपर मार्केट छेऊ, शनिश्चरे रोड, बिर्तामोड, झापा
**प्रबन्ध निर्देशकः राजु समाल** (L.B.) ०२३-५४३८७६, ९८०७९९९९००

**फ्ल्याट भाडामा**

बिर्तामोडस्थित अन्धुवा पुल छेउ (दक्षिण) हाइवेमा रहेको घरको दोस्रो तला बैंक, वित्तीय संस्थाको लागि उपयुक्त फ्ल्याट भाडामा छ ।
**सम्पर्क : ९८२५९४७२७७**

**बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी**

के तपाईलाई पुरानो पाइल्स र हाडजोर्नी रोगले सताएको छ ? क्षारसूत्रद्वारा पाइल्सको उपचार मिति २०७७ माघ १८ गते आइतबार बिर्ता आयुर्वेदमा
**बिशेष छुटः रगत जाँच, मेडिसिन, क्षारसूत्र, फिजियोथेरापी ।**

स्थानः **अस्टाङ्ग आयुर्वेद फार्मेसी**
फोन नं. ०२३-५९०१६६,९८०६०००३१३

# महिला उद्यमी र सिटी सेन्टरको खाना महोत्सव





तस्वीरहरू : बिनोद पाण्डे/पूर्वाञ्चल

**बिर्तामोड, माघ १७।** महिला उद्यमी संघ नेपाल झापाको आयोजनामा बिर्तामोडमा शनिबार खाना महोत्सव सम्पन्न भएको छ ।

महिला उद्यमी संघ नेपाल झापाकी अध्यक्ष नैनकला भट्टराईको अध्यक्षता तथा प्रदेश नं. १का आन्तरिक मामिला तथा कानूनमन्त्री हिक्मत कार्कीको प्रमुख आतिथ्य रहेको कार्यक्रममा संस्थाकी महासचिव शर्मिला अधिकारीले स्वागत गरेकी थिइन् ।

महिला उद्यमी संघ नेपाल झापाकी संस्थापक अध्यक्ष गोमा भट्टराईले औचित्यमाथि प्रकाश पारेको कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका प्रदेश नं. १का अध्यक्ष टीकाराज ढकाल, महिला उद्यमी संघ नेपाल इलामकी अध्यक्ष सुशीला सापकोटा लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

बिर्तामोडको वनस्टप मल अगाडि राखिएको खाना महोत्सवमा कोदोको ढिंडो, सेलरोटी, गुन्द्रुकको अचार, सिस्नोको सुप, रोटी, तरकारी, फापरको सेलरोटी, सयपत्रीको चिया, तरुल लगायतका परम्परागत खाद्य परिकारको स्टल राखिएको थियो भने  खाँडी तथा ढाकाका कपडा तथा बिभिन्न पहिरन, श्रृंगारका बस्तु, बाँसबाट निर्मित हस्तकला, मह, चिया, मुरै, फलफूल लगायतका उत्पादन प्रर्दशन र बिक्रीका लागि राखिएको थियो । खाना महोत्सवमा एक हजारभन्दा वढीले अवलोकन र परिकार खाएको बताइएको छ ।

कार्यक्रमको सञ्चालन महिला उद्यमी संघ नेपाल झापाकी उपाध्यक्ष युनीता दवाडीले गरेकी थिइन् ।

**बिर्तामोड, माघ १७।** बिर्तामोड सिटी सेन्टरको आयोजनामा शनिवारदेखि फुड फेस्टिबल एण्ड बम्पर सेल शुरु भएको छ ।

बिर्तामोड सिटी सेन्टर एण्ड इन्भेष्टमेन्ट कम्पनी प्रालि अन्तर्गतको बिर्तामोड सिटी सेन्टरले आयोजना गरेको फुड फेस्टिबल तथा बम्पर सेलको उद्घाटन बिर्तामोड नगरपालिकाका मेयर धुव्रकुमार शिवाकोटीले गरेका थिए ।


कम्पनीका अध्यक्ष घनेन्द्रकुमार पाण्डेको अध्यक्षतामा भएको कार्यक्रममा बिर्तामोड सिटी सेन्टरका सञ्चालक दीपेन्द्र राउतले स्वागत गरेका थिए । फुड फेस्टिबलमा भाक्का लगायत १५ वटा विभिन्न परिकारका स्टल राखिएको बिर्तामोड सिटी सेन्टरका सञ्चालक हिमालय प्रसाईले जानकारी दिए ।

माघ २० गतेसम्म सञ्चालन हुने फुड फेस्टिबल एण्ड बम्पर सेलमा बिर्तामोड सिटी सेन्टरमा सञ्चालित पसलमा ग्राहकहरुले पाँचदेखि ५० प्रतिशत छुटमा सामग्री खरिद गर्न सकिने व्यवस्था मिलाइएको बिर्तामोड सिटी सेन्टरका सञ्चालक राउतले बताए ।

फुड फेस्टिबलको उद्घाटनमा ख्यातिप्राप्त गायक तथा प्रखर वक्ता रमेश प्रसाईको प्रस्तुति रहेको थियो भने अन्य दिन क्षितिज संगीत साधना प्रतिष्ठान झापाका कलाकारहरुको प्रस्तुति, अन्तर्राष्ट्रिय ब्याण्ड भायोलेटको प्रस्तुति रहने बिर्तामोड सिटी सेन्टरका सञ्चालक लक्ष्मण बस्नेतले जानकारी दिए ।  कार्यक्रमको सञ्चालन सञ्चारकर्मी प्रणित पुडासैनी र दिक्षा खातीले गरेका थिए ।

# कनकाई वनको सभामा पत्रकारसहित ३६ जना सम्मानित

**सुरुङ्गा, माघ १७।** कनकाई सामुदायिक वन उपभोक्ता समूह सुरुङ्गाको २३औं साधारणसभामा पत्रकार मनोज बस्नेतसहित ३६ जना सम्मानित भएका छन् ।



मनोज बस्नेत

कनकाई सुरुङ्गा प्रेस क्लबका सचिव, लायन्स क्लब अफ कनकाईका प्रेसिडेन्ट समेत रहेका बस्नेत सन् २००३देखि वैदेशिक रोजगारीमा कतारमा रहँदादेखि नै सञ्चार क्षेत्रमा संलग्न रहेका छन् । सञ्चारक्षेत्रबाट सो वन उपभोक्ता समूहको श्रीवृद्धि र समुन्नतिमा योगदान पुर्‍याए वापत उनलाई सम्मान गरिएको हो ।

त्यसैगरी, कनकाई माध्यमिक विद्यालय सुरुङ्गाबाट २०७६ सालको एसईईमा उत्कृष्ट नतिजा ल्याउने विद्यार्थीहरु किरण डाँगी, अंशु शिवाकोटी र अनुषा थापालाई नगद पुरस्कारसहित सम्मान गरिएको थियो । सो कार्यक्रममा वर्ष उत्कृष्ट कर्मचारीको रुपमा संस्थामा २०६७ सालदेखि कार्यरत गोकर्ण पराजुलीलाई पनि नगदसहित सम्मान गरिएको थियो । त्यसैगरी, सेवा क्षेत्रभित्रका फरक क्षमता भएका व्यक्तिमध्ये भगिश्वर इजम लिम्बू, तेजप्रसाद बाँस्तोला, निर्मला मण्डल र आइतमाया कुमाललाई सम्मान गरिएको थियो ।

कार्यक्रममा ज्येष्ठ नागरिकहरु तिलरुपा न्यौपाने, बालुराम खरेल, कृतिमान थेबे, यसोदा भेटवाल, छबिलाल कडेंल, नरमाया गुरुङ्ग, ईश्वरा उप्रेती, डम्बरकुमारी कटुवाल, पूर्णप्रसाद खनाल, अडिमर्दन सुवेदी, हर्कबहादुर श्रेष्ठ र धनमाया प्रसाईलाई सम्मान गरिएको थियो । उक्त वन समूहको २०५९ सालदेखि शुरु गरेको चौथो कार्यकालका पदाधिकारी तथा सदस्य पनि सम्मान गरिएको थियो । त्यसरी सम्मानित हुनेमा अध्यक्ष बालकृष्ण मैनाली, उपाध्यक्ष मेनुका मैनाली, सचिव लक्ष्मीप्रसाद पाठक, सहसचिव अम्बरबहादुर कार्की, सदस्यहरु देवीमाया दाहाल, बलराम गौतम, जीतबहादुर श्रेष्ठ, श्रीप्रसाद खरेल, टीकाकुमार पोखरेल, रुपनारायण खतिवडा, यमनाथ सेडाईं, भक्तिप्रसाद संग्रौला, हिरण्यकुमार राई, नारायण ओली, देवीप्रसाद भण्डारी र मनोरथ थापा रहेका छन् ।

सभामा वन समूहका अध्यक्ष ख्यामप्रसाद ओलीद्वारा प्रस्तुत वार्षिक प्रतिवेदन र कोषाध्यक्ष प्रकाश थापाद्वारा प्रस्तुत वार्षिक बजेट तथा कार्यक्रम प्रतिवेदन आवश्यक संशोधनसहित पारित गरिएका थिए । २६७.०६ हेक्टर क्षेत्रफलमा फैलिएको उक्त वन समूहमा हाल ३ हजार ४  सय १७ घरधुरी 'क' वर्गको सदस्यको रुपमा रहेको कार्यालय सचिव नेत्र भट्टराईले जानकारी दिए् ।

वन समूहका अध्यक्ष ओलीको सभापतित्वमा भएको कार्यक्रममा झापा क्षेत्र नं. ४ का प्रदेशसभा सदस्य माननीय हीराकुमार थापाको प्रमुख आतिथ्य रहेको थियो । कार्यक्रममा सामुदायिक वन उपभोक्ता महासंघ झापाका अध्यक्ष वेदप्रकाश भण्डारी, सम्मानित व्यक्तित्व वन समूहका पूर्व अध्यक्ष बालकृष्ण मैनाली लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

कार्यक्रममा संविधानसभा सदस्य अम्बिका राजवंशी, कनकाईधाम धार्मिक विकास संस्था कोटीहोमका अध्यक्ष नबलकिशोर दत्त, नेकपा कनकाई नगर अध्यक्ष रवीन्द्र लम्साल, नेपाली कांग्रेस नगर सभापति नेत्रप्रसाद चिमरिया, कनकाई माविका अध्यक्ष जनार्दन उप्रेती, जनता समाजवादी पार्टीका नगर अध्यक्ष रत्नकुमार श्रेष्ठ, कनकाई नगरपालिका वार्ड नं. ३ का अध्यक्ष रूद्रप्रसाद चिमरिया, वन समूहका पूर्व अध्यक्ष नारायण ओली, शिक्षाकर्मी आशा शर्मा शिवाकोटी लगायतको आतिथ्य रहेको थियो । वन समूहका उपाध्यक्ष ललितबहादुर कार्कीको स्वागत मन्तव्य रहेको कार्यक्रम सचिव मान्ता खरेलले सञ्चालन गरेकी थिइन् ।

# सिम्रिकको कारोबार डेढ अर्ब बढी

**बिर्तामोड, माघ १७।** झापाको बिर्तामोड-४मा मुख्य कार्यालय रहेको सिम्रिक बचत तथा ऋण सहकारी संस्थाले पुस मसान्तसम्ममा डेढ अर्बभन्दा बढी कारोबार गरेको छ ।



संस्थाको शिक्षा उपसमितिको आयोजनामा शनिबार भएको सदस्य भेटघाट तथा रणनीतिक योजना तर्जुमा गोष्ठीमा यस्तो जानकारी दिइएको हो । शिक्षा उपसमितिका संयोजक मेहरमान विष्टको अध्यक्षता तथा संस्थाका अध्यक्ष सुवास भट्टराईको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा शिक्षा उपसमितिका सदस्य मदनकुमार रिजालले स्वागत गरेका थिए ।

कार्यक्रममा संस्थाका प्रमुख कार्यकारी अधिकृत कमलबहादुर बस्नेतले संस्थाले २०७७ पुस मसान्तसम्म गरेको कार्यको प्रगति विवरण प्रस्तुत गरेका थिए । उनले २०७७ पुस मसान्तसम्म संस्थाका शेयर सदस्य ३० हजार एक सय २२ जना, शेयर पूँजी १८ करोड ८१ लाख १७ हजार पाँच सय रपैयाँ, निक्षेप संकलन ६७ करोड नौ लाख ३३ हजार तीन सय ३१ रुपैयाँ, ऋण लगानी एक अर्व १६ करोड ६४ लाख ४९ हजार नौ सय चार रुपैयाँ रहेको बताए । संस्थाले २०७७ पुस मसान्तसम्म एक करोडभन्दाबढी नाफा गरेको र एक अर्ब ५२ करोड कारोबार गरेको उनले जानकारी दिए ।

संस्थाले २२ वटा सदस्य सेवाकेन्द्रबाट वित्तिय सेवा सञ्चालन गरिरहेको बताउँदै उनले  मोरडको उर्लावारी ,दाम्राभिट्टा र इलामको फिक्कल, इलाम बजारमा  सदस्य सेवाकेन्द्र सञ्चालनको तयारी गरिरहेको र अन्य आठ वटा सदस्य सेवाकेन्द्र सञ्चालनको तयारी गरिरहेको जानकारी दिए ।

कार्यक्रममा गौरव कृषि सहकारी संस्थाका अध्यक्ष घनश्याम न्यौपाने, अमृत बचत तथा ऋण सहकारी संस्थाका पूर्व अध्यक्ष ख्यामराज ढकाल लगायतले सिम्रिक साकोसले गरेको वित्तिय प्रगतिले आफूहरु पनि प्रभावित भएको बताए ।

कार्यक्रमको सञ्चालन शिक्षा उपसमितिका सदस्य वद्री प्याकुरेलले गरेको तालिम विभाग प्रमुख बिजय बस्नेतले जानकारी दिए  ।

# देवभूमि प्रथम

**अर्जुनधारा, माघ १७।** शहीद सप्ताह विशेष कार्यक्रम अन्तर्गत पुनर्जागरण युवा क्लब अर्जुनधाराको आयोजनामा शनिबार सम्पन्न भएको नगर स्तरीय अन्तर माध्यमिक विद्यालय हाजिरी जवाफ प्रतियोगितामा अर्जुनधारा-५स्थित देवभूमि विद्यापीठ अङग्रेजी माध्यमिक विद्यालय प्रथम भएको छ ।



क्लबका सचिव दिनेश खतिवडाका अनुसार आठ वटा विद्यालयको सहभागिता रहेको प्रतियोगितामा अर्जुनधारा-१स्थित सिंहदेवी माध्यमिक विद्यालय द्वितीय र अर्जुनधारा-९स्थित प्रगति अङ्ग्रेजी आवासिय विद्यालय तृतीय भएका छन् ।

क्लबका अध्यक्ष सन्तोष पौड्यालको अध्यक्षता र शनिश्चरे बहुमुखी क्याम्पसका प्रमुख मोहनप्रसाद ओलीको प्रमुख आतिथ्यमा आयोजित कार्यक्रममा प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने र प्रतियोगितामा सहभागी विद्यार्थीहरुलाई ट्रफी, मेडल र प्रमाण पत्र प्रदान गरिएको थियो ।

क्लबका सहसचिव दुर्गा रिमालले औचित्य तथा सचिव खतिवडाले स्वागत गरेको कार्यक्रममा लक्ष्मी माध्यमिक विद्यालयकी प्रधानाध्यापक निर्मला पोखरेललगायतले बोलेका थिए ।

कार्यक्रमको सञ्चालन प्रभात मिश्र र हाजिरी जवाफ प्रतियोगिताको सञ्चालन सुशील ढुंगेलले गरेका थिए ।

# आगो ताप्दा...

**खोटाङ, माघ १७।** आगो ताप्नेक्रममा शरीर जलेर गम्भीर घाइते भएकी खोटेहाङ गाउँपालिका-७ खोटाङ बजारस्थित धनमुढाकी १०१ वर्षीया हिमादेवी अधिकारीको मृत्यु भएको छ ।

गाईवस्तुलाई खोले पकाउन बालिएको आगो ताप्ने क्रममा शुक्रबार बिहान लुगामा आगो सल्किएर शरीर नै जलेपछि गम्भीर घाइते भएकी हिमादेवीको उपचारको क्रममा मृत्यु भएको हो ।

जलेर गम्भीर घाइते भएकी हिमादेवीको घरैमा स्वास्थ्यकर्मी झिकाएर उपचार गराउने क्रममा मृत्यु भएको वडाध्यक्ष शिवप्रसाद फुयाँलले बताए ।

हिमादेवीको मृत्यु भएको बारेमा थप जानकारी आउन बाँकी रहेको जिल्ला प्रहरी कार्यालय खोटाङका प्रवक्ता प्रहरी निरीक्षक गोविन्द साहले बताए ।

मृतक हिमादेवीको शव परीक्षणका लागि प्राथमिक स्वास्थ्य केन्द्र चिसापानी पठाइएको गाउँपालिका प्रमुख प्रदीप राईले जानकारी दिए ।

## शहरका ...

यो समय बनभोजको समय भएकाले जिल्लावासीको पहिलो रोजाइमा पर्ने गरेको छ- जामुनखाडी सिमसार ।

जामुनवारी सामुदायिक वनको हाताभित्र रहेको सो सिमसार क्षेत्रमा ४ दशमलव ५० हेक्टर जमिनमा ताल फैलिएको छ । जसका कारण नेपाल मात्र नभएर भारतबाट समेत यहाँको मनोरम दृष्य हेर्न पर्यटकहरु जामुनखाडी सिमसार क्षेत्रमा आउने गरेका छन् ।

पूर्वका सिमसारहरुमध्ये जामुनखाडी सिमसार क्षेत्र प्रदेश १कै नमूना सिमसारको रुपमा परिचित भएको छ । वन समितिलाई दीर्घकालीन आम्दानीको स्रोत समेत भएको जामुनखाडी सिमसार क्षेत्रका अध्यक्ष ख्याम सिटौला भन्छन्- सिमसार क्षेत्रमा रहेको तालमा डुंगा चढ्न  र संरक्षित वन्यजन्तु हेर्न आउनेहरुबाट उठाउने शुल्कको आम्दानीले सिमसार क्षेत्र आफैंमा समृद्ध बन्दै गएको छ । सिमसार क्षेत्रको संरक्षण गरेवापत जामुनखाडी सामुदायिक बनलाई नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठानले यस अघि पुरस्कृत समेत गरेको छ । जैविक विविधताको उत्कृष्ट नमूनाको रुपमा रहेको यस सिमसार क्षेत्र मात्र नभई झापाकै अन्य संरक्षित सिमसार क्षेत्रले पनि मनग्ये आम्दानी गरिरहेका छन् ।

प्राकृतिक स्रोत र सम्पदाहरुको संरक्षण स्थानीयले नै गर्न सक्छन् भन्दै २०५२ साल असोज २६ गते तत्कालीन जिल्ला वन कार्यालय झापामा जामुनखाडी सामुदायिक समिति दर्ता भएको थियो । सोही समितिले जामुनखाडीलाई व्यवस्थित सिमसार क्षेत्रका रुपमा विकास गरेर लाने अवधारणा अघि सारेको थियो । सामुदायिक वन समितिको सक्रियतामा यस ठाउँलाई सिमसार क्षेत्र घोषणा गर्दै काम अघि बढाएपछि अहिले जिल्लाको मात्रै नभई प्रदेश नम्वर १कै प्रमुख पर्यटकीय गन्तव्यका रुपमा चिनिँदै गएको छ यो ठाउँ । यहाँ पारिवारिक घुमघामदेखि बनभोज र शैक्षिक भ्रमणसम्मका लागि आउनेको संख्या दिनानुदिन बढ्दै गएको छ ।

बृहत् क्षेत्रफलमा फैलिएको पोखरीमा डुङ्गा शयर गर्न यहाँ आउने जो कोही आतुर रहन्छन् । केही समय भए पनि आफूमा भएको थकान मेट्न पानीमा तैरनेको संख्या उल्लेख्य रहेको छ । जामुनखाडी सिमसार क्षेत्रभित्रै पछिल्लो समय मिनी भ्यू टावर निर्माण गरिएको छ । जसबाट जामुनखाडीको सबै भू-भागको अवलोकन गर्दै मज्जा लिन सकिन्छ ।

जामुनवारी सामुदायिक वन क्षेत्रमा सामान्य खाडी थियो- समितिका पूर्वअध्यक्ष पर्शुराम गिरीले भने- 'राँगा आहाल बस्ने ठाउँलाई व्यवस्थित गर्दै अहिलेको यो अवस्थामा ल्याइपुर्‍याएको हो । दलदल परेको जमिन, फाट्टफुट्ट विरुवा र करौंते झार भएको यो ठाउँलाई व्यवस्थित गर्दै लगेका कारण यस ठाउँको मुहार फेरिएको हो ।'

लोप भइसकेको पोखरीलाई उत्खनन् गर्दै नयाँ संरचनामा ढालेर जामुनखाडी सिमसार क्षेत्र तयार गरिएको समितिका पूर्वअध्यक्ष गिरी बताउँछन् । उनी भन्छन्- 'त्यस समयमा हामीले आ ! होस् भन्दै छाडेको भए यो ठाउँ मासिएर जाने थियो । लोपोन्मुख अवस्थामा पुगेको यो ठाउँको विकासका लागि समितिका पदाधिकारी मात्र होइन यस ठाउँका स्थानीयको पनि ठूलो साथ सहयोग छ ।'

२०५८ सालदेखि २०६१ सालसम्म पोखरीको लगातार उत्खनन्पछि यो रुपमा जामुनखाडी सिमसार क्षेत्रलाई ढालेको समितिका पूर्वअध्यक्ष गिरीको भनाइ छ । पोखरीको उत्खनन् गर्दा निस्किएको माटो बाँधका रुपमा परिणत गरेपछि यस क्षेत्रको सुन्दरता थपिएको बताइन्छ । ४ सय ३४ दशमलव १९ हेक्टर क्षेत्रफलमा फैलिएको यो सामुदायिक वन जिल्लाकै नमूना सामुदायिक वन हो । पर्या पर्यटनलाई समेत अंगिकार गरिएकै कारण यहाँको सुन्दरता आफैंमा लोभलाग्दो छ ।

४० वर्ष अघिसम्म विशाल तालको रुपमा रहेको यस ठाउँको संरक्षण नहुँदा मासिँदै गएको स्थानीयको भनाइ छ । अतिक्रमणको चपेटामा परेको यो ठाउँको संरक्षणका लागि कनकाई नगरकाका वासिन्दाले गरेको पहल अरुका लागि पनि  अनुकरणीय छ ।

अहिले यस ठाउँको सिको गर्दै अन्य स्थानीय तहमा पनि सिमसार क्षेत्रको संरक्षण गर्न थालिएको छ । मेचीनगरमा रहेको बाँसवारी, अर्जुनधाराको सालवारी, हल्दिवारी गाउँपालिकाको भेलागुढी, बाह्रदशी गाउँपालिकाको साधुकुट्टी झिल, गौरादह नगरपालिकाको गौरादह पोखरी लगायत थुप्रै ठाउँका सिमसार क्षेत्रको विकास र विस्तारमा स्थानीय तह जुटेका छन् । स्थानीय तहले आफ्ना ठाउँमा रहेका सिमसार क्षेत्रको पहिचान गर्दै पर्यापर्यटनका लागि बजेट नै विनियोजन गर्दै सिमसार क्षेत्रको संरक्षणमा तदारुकता देखाउनुले ग्रामीण क्षेत्रका सिमसार धनसारमा परिणत भएर जाने निश्चित छ ।

## जामुनखाडी ...

लागि आउन सहज र उपयुक्त ठाउँका रुपमा मैले लिएको छु- यसलाई ।

मनोरञ्जनका सबै खाले साधन राखिएकाले सानादेखि ठूला सबै यहाँ आउँदा खुशी भएको मैले महशुस गरेको छु । यसलाई राज्यले अझ सहयोग गर्दै बजेट नै छुट्याएर विकास गर्ने हो भने पूर्वकै प्रमुख पर्यटकीय गन्तव्य बन्ने निश्चित छ । उनले भने- स्थानीय वन समितिलाई प्रोत्साहन गर्दै राज्यले पर्यटन क्षेत्रको विकासका लागि लगानी गर्नुपर्ने जरुरी छ ।

**हेमराज ढकालः सभापति, स्वास्थ्य शिक्षा तथा तालिम विकास समिति, प्रदेश १**

म आफैं झापाको नागरिक भएर पनि यस क्षेत्रमा पहिलोपटक आएको छु । पर्यटकीय क्षेत्र मध्येको पनि 'वान अफ द टुरिष्ट स्पट' का रुपमा यसलाई लिन सकिने सम्भावना भएको क्षेत्र रहेछ- जामुनखाडी । राज्य संघीय प्रणालीमा गएकाले प्रदेश र स्थानीय सरकारले यस खाले पर्यटकीय क्षेत्रको विकास गर्न सकेको खण्डमा पर्यटनबाटै समृद्धि प्राप्त गर्न सकिन्छ । चिनको गोञ्जाउ शहरमा यस्तै खाले पर्यटकीय क्षेत्र छ । त्यहाँ दिनको १० लाख पर्यटक आउँछन्, जुन ठाउँमा विभिन्न खालका 'लाइटिङ'को व्यवस्था गरिएको छ भने विभिन्न प्रोग्राम गर्नका लागि स्टलहरु बनाइएको छ ।

जसका कारण पनि पर्यटकहरुको घुइँचो लाग्छ । जामुनखाडी पनि त्यस्तै क्षेत्र भएकाले यहाँका मौलिक पहिचानलाई राखेर पर्यावरणलाई अझ सुन्दर बनाउन दुबो लगाउँदै सँधै हरियो र बस्ने ठाउँको व्यवस्थापन गर्दै भएका विरुवालाई सजी सजावट गर्ने हो भने यो क्षेत्रको अझ विकास भएर जान्छ । यस ठाउँको विकास अहिलेसम्म २ प्रतिशत मात्रै भएको छ । अझ, विदेशी पर्यटकलाई भित्र्याउन ९८प्रतिशत विकास जरुरी छ । त्यसो गरेको खण्डमा देशकै उत्कृष्ट पर्यटकीय क्षेत्र बन्न सक्ने सम्भावना जामुनखाडीले बोकेको छ ।

## इक्यानको ...

यसैबीच जापानिज भाषा परीक्षा (जेसर्ट)संग इक्यान झापाले सम्झौता गरेसँगै जापानको रोजगारीका साथै उच्च शिक्षा अध्ययनका लागि जाने विद्यार्थीले झापाबाटै परीक्षा दिन पाउने भएका छन् । जापानिज अध्यागमन कार्यालयबाट मान्यता प्राप्त विद्यार्थी तथा कामदार भिषामा जान चाहनेहरुलाई लिइने परीक्षा अब झापामा हुने इक्यान झापाका कोषाध्यक्ष एवम् कोअर्डिनेटर राजकुमार कार्कीले बताए । वर्षमा चार वटा परीक्षा सञ्चालन हुने र यो सम्झौतासँगै अब राजधानी नै पुग्नुपर्ने बाध्यता हटेको जेसर्टका सञ्चालक महेश श्रेष्ठले जानकारी दिए ।

जापान जान चाहने बिद्यार्थी तथा कामदारका लागि शैक्षिक परामर्श लिन र परीक्षा दिन अब सहज हुने विश्वास लिइएको इक्यान झापाले जनाएको छ ।


## कर्मचारी आवश्यकता

१) हेड कुक- ५ जना (३ स्टार लेवलका)
२) एसिस्टेन्ट कुक- ५ जना
३) मेनेजर- २ जना
४) रिसेप्सन- ३ जना
५) वेटर- ५ जना
६) वेट्रेस- ८ जना
७) डिस वासर- ४ जना
८) हाउस किपिङ- ४ जना
९) रुम ब्वाई- ३ जना
१०) वार टेन्डर- २ जना
११) क्यासियर- २ जना

**अन्तरवार्ताः २०७७।१०।१९ गते सोमवार दिनको १:०० बजे**

**नोटः सम्बन्धित काममा दक्ष हुनुपर्नेछ ।**

**सम्पर्कः ९८२३८६७१४९, ०२३-५४२९५५**

## आकर्षक घडेरी बिक्रीमा

झापाको अर्जुनधारा-९स्थित कटहरडाँडामा कालोपत्रे पिच बाटोले छोएको ४२ फिट मुख भई पश्चिम फर्केको घरायसी तथा व्यापारिक प्रयोजनको लागि भिटाहरु एकमुष्ठ वा टुक्रा गरी लिन चाहने व्यक्तिले सम्पर्क राख्नुहोला ।

नोटः जम्मा जग्गाको क्षेत्रफल १६ कठ्ठा १३ धुर रहेको छ ।

*पुनश्चः बाटोको भाग पिच सेन्टरबाट २६ फिट कट्टा गरी दिइनेछ ।*

**सम्पर्क : नरेश श्रेष्ठ (९८४२६२४१५०/९८१७०२१८५५)**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ ।।



पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ ।

भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

## दाबी, दवाव र दमनले बलियो भईँन्न

**नेपाल कम्युनिस्ट पार्टी नेकपाको आधिकारिकताको विवाद उत्कर्षमा पुगेको छ । पार्टीभित्रको कलह सर्वोच्च अदालतमा विचाराधीन रहेको अवस्थामा निर्वाचन आयोगलाई समेत दवावमा पार्ने प्रयास भइरहेको छ । प्रधानमन्त्री केपी ओलीले आफ्नै दलको अन्तरविरोधको व्यवस्थापन गर्नुको साटो प्रतिनिधिसभा नै विघटन गरेपछि उत्कर्षमा पुगेको विवाद अब कानूनी रुपमा विभाजन हुन मात्रै बाँकी छ । यस्तो अवस्थामा दुई चिरामा विभक्त नेकपा आ–आफ्नो समूहलाई आधिकारिक दाबी गरिरहेका छन् । अध्यक्ष केपी ओली समूहले सरकार सञ्चालन गरिरहेको छ भने पुष्पकमल दाहाल र माधव नेपाल अध्यक्ष रहेको अर्को समूह बहुमतका आधारमा वैधानिक रहेको दाबी गर्दैछ । प्रम ओलीले आह्वान गरेको मध्यावधि निर्वाचनका लागि सो समूह निर्वाचनको माहौल तयार गर्न लागेको छ भने अर्को समूह प्रतिनिधिसभा पुनर्स्थापित हुनुपर्ने मागसहित सर्वोच्च अदालत र सडकसम्म पुगेको छ ।**

**नेकपाको आधिकारिता सम्बन्धी विवादको अन्त्य गर्न निर्वाचन आयोगले दुबै समूहलाई छलफलका लागि डाकेको थियो । ओली नेतृत्वको नेकपाका तर्फबाट संविधान जारी गर्दाका संविधानसभा अध्यक्ष सुवासचन्द्र नेम्वाङ, मन्त्रीहरु विष्णुप्रसाद पौडेल र कृष्णगोपाल श्रेष्ठ लगायतका नेताहरु निर्वाचन आयोग पुगे । तर, अर्को समूहका अध्यक्ष राजधानी बाहिर रहेको भन्दै उनका प्रतिनिधिहरु आयोग पुगेर केही दिन समय माग गरेर फर्किए । आयोगसँग छलफल हुनुअघि नै ओली पक्षीय नेता नेम्वाङले आफूहरु नै आधिकारिक नेकपा रहेको दावी गर्दै निर्वाचन आयोगले आधिकारिकताको टुंगो लगाइसकेको बताएका थिए । राजनीति झुठको खेती हो रहेछ –नेता नेम्वाङको दाबीले प्रमाणित गरेको टिप्पणी हुन थालेको छ । आयोगका आयुक्त ईश्वर पौडेलले कसैलाई आधिकारिकता प्रदान नगरेको बताएकाले पनि त्यही पुष्टि गरेको छ । दल सम्बन्धी विवादको निरुपण नभई निर्वाचन कार्यक्रम अघि बढ्न नसक्ने अवस्थामा ओली पक्षले दल दर्ता प्रक्रिया अघि बढाउन आयोगलाई दवाव दिन थालेको छ ।**

**प्रतिनिधिसभा विघटनपछि उत्पन्न सवैधानिक संकटको अन्त्यका लागि यतिबेला प्रबुद्ध वर्ग सम्मिलित नागरिक समाज पनि आन्दोलित छ । देशका प्रत्येक राजनीतिक संकटमा आन्दोलनको नेतृत्व गर्ने सो समूहलाई दबाउन सरकार कडा रुपमा प्रस्तुत भइरहेको छ । उनीहरुको सडक आन्दोलन, जुलुस र प्रदर्शन निस्तेज पार्न पानीको फोहोरा प्रयोग गरेर सरकारले निर्ममताको उदाहरण पेश गऱ्यो । ०६२–०६३ को आन्दोलनमा समेत अग्रमोर्चामा रहेको नागरिक समाज नै त्यस्तो शक्ति थियो जसको अगुवाईमा राजनीतिक दलहरु सडकमा आउन सकेका थिए । जब–जब देशमा सवैधानिक संकट आउँछ, जब–जब नागरिकको अभिव्यक्ति स्वतन्त्रता कुण्ठीत हुन्छ अथवा प्रजातन्त्रमाथि प्रहार हुन्छ तब त्यसको रक्षाका लागि नागरिक आन्दोलनकै सहारा लिइएको इतिहास छ । अहिले संविधानको भावना विपरीत संसद विघटन भएको अवस्थामा आन्दोलनको उपलब्धिको रक्षा गर्न सडक संघर्षमा उत्रिएको वर्गमाथिको दमन, सवैधानिक अंगमाथिको दवाव, आधिकारिकता माथिको दाबी जस्ता कुराले अन्ततोगत्वा आफ्नै साख कमजोर हुन्छ, राज्य पक्षले बुझ्नैपर्छ । अन्यथा देश र जनताको भविष्य अन्यौल हुने निश्चित छ ।**

# प्रविधिमूलक शिक्षणमा शिक्षकको भूमिका



**पूर्णबहादुर कटुवाल**

नेपाल सरकारले सामुदायिक विद्यालयसम्म प्रविधिमैत्री सिकाइलाई विस्तार गर्न विविध कार्यक्रम अघि बढाइसकेको छ। धेरै ठाउँमा आइटी ल्याब मार्फत शिक्षण सिकाई प्रारम्भ गरिएको छ। अब पुरानै शैलीको सिकाई समयसापेक्ष नहने प्रमाणित भइसकेको सन्दर्भमा शिक्षक नै पहिला अपडेट हुन जरुरी छ। यस विधिले शिक्षकले पढाउँदैनन् वा उनीहरु अपडेट छैनन् भन्ने आरोपलाई समेत चिर्न सक्छ। अहिले सबैभन्दा ठूलो चुनौति र अवसर शिक्षकलाई छ त्यो हो कक्षा कोठामा प्रविधिको प्रयोग। गरौं आउँदैन, नगरौं शिक्षण पेशा छोड्ने कि समाउने। तर, शिक्षकहरु पनि कम छैनन्, र हुनु पनि हुँदैन। उच्च मनोबलका साथ अलिकति मेहनत मात्र गर्ने हो भने हाम्रा शिक्षक हरेक सिकाइका हरेक क्षेत्रमा सफल हुन सक्छन्। अधिकांश शिक्षकहरूले आफ्नै क्षमताको मापन गर्ने आधारका रूपमा सूचना प्रविधिलाई शिक्षणमा प्रयोग गर्न थालेका छन्।

अबको शिक्षक सूचना तथा सञ्चार प्रविधिमा पूर्ण जानकार र अद्यावधिक भएको हुनुपर्छ। कक्षाकोठामा सिकाइका नयाँ प्रविधिहरु प्रयोगको ज्ञान, धारणा र शीप हुनुपर्छ। प्रविधि प्रयोगको इच्छाशक्ति र पूर्ण विश्वास हुनुपर्छ। यसको लागि तत्परता र जोस चाहिन्छ। प्रविधि प्रयोगको ज्ञान लिएर मात्र शिक्षकले लिएर कक्षामा प्रवेश गर्नु अनिवार्य भएको छ। सामान्यतयः एउटा असल शिक्षक बनेर आफ्नो जिम्मेवारी बहन गर्न स्मार्ट डिभाइसको प्रयोग गर्ने तरिका, पावर प्वाइन्ट निर्माण, चित्र भिडियो निर्माण, स्मार्ट पाठ योजना निर्माण गर्न सक्षम हुनुपर्ने भएको छ। हामी शिक्षक कक्षा कोठाको तयार, प्रविधिमैत्री कक्षा कोठाको ज्ञानको अभाव, स्मार्ट पाठयोजनाको निर्माण र प्रयोग, गर्न नसक्ने भयौं वा त्यो बाटोमा अग्रसर भएनौं भने न त शिक्षक नै बन्न सक्छौं न त समयसापेक्ष शिक्षण नै गर्न सक्छौं। बालकको रुची अनुसारको प्रभावकारी र आकर्षक तरिकाले शिक्षणबाट विद्यार्थीहरुमा अभिवृद्धि हुने र सक्रिय सिकाइले आधुनिक र वैज्ञानिक तरिकाले प्रविधिमैत्री ज्ञान हासिल गर्न र गराउन सकिन्छ।

कक्षाकोठामा कसरी आधुनिक सूचना र प्रबिधिका नयाँ साधनहरु स्मार्ट बोर्ड, ओएचपी, ल्यापटप, एलइडी टिभि, इन्टरनेट, मोबाइलका आधुनिक साधनको प्रयोग गर्न सकिन्छ भन्ने विषयमा शिक्षकले नै सोच्नुपर्नै बेला आएको छ। जसको मद्दतले शिक्षण सिकाइ क्रियाकलाप अर्थपूर्ण, प्रभावकारी, व्यवहारिक र समसामयिक भई आधुनिक ज्ञान, धारणा र शिपको बिकास होस्। यसले शिक्षाका उद्देश्यहरु हासिल हुन समेत मद्दत मिल्छ। त्यसैले आजैदेखि कक्षा कोठामा सिकाइका नयाँ प्रविधियुक्त साधनहरु प्रयोग गरी शिक्षण गरौं।

हामी सूचना र प्रविधिको युगमा प्रवेश गरिसकेका छौं। समयानुकूल सूचना र प्रविधिको विकास तथा उपभोग शैक्षिक लगायत आर्थिक तथा सामाजिक क्षेत्रहरूमा पनि प्रगति गर्न सकिन्छ। पछिल्लो समयमा विद्यालयमा सूचना प्रविधिको उपयोगमा जोड दिन थालिएकोले शिक्षकमा नै पहिलो र महत्वपूर्ण जिम्मेवारी थपिएको छ। शिक्षा र सूचना प्रविधिको बीचमा रहेका घनिष्ट सम्बन्धलाई अझ उपयोगि र उर्बर बनाउने जिम्मा नै शिक्षकको काँधमा आएको छ। यसै यथार्थलाई मनन् गरी हामीले विद्यालयमा प्रविधिको प्रयोगबाट प्रभावकारी शिक्षण गर्ने तर्फ अग्रसरता देखाउनु जरुरी छ।



शिक्षामा सूचना र प्रविधिको उपयोगले शैक्षिक अवसरको विकासका साथै शैक्षिक गुणस्तर सुनिश्चित गर्छ। शिक्षणमा प्रविधिको प्रयोगले सिकाइलाई प्रभावकारी र दिगो बनाउने तथा नविनतम् ज्ञानको संसारमा सहज प्रवेश गराउन सकिन्छ। प्रविधिको उपयोगले शैक्षिक व्यवस्थापनमा प्रभावकारिता ल्याउन मूल्यांकन प्रणालीमा सुधार गर्न, शैक्षिक सुशासनको प्रत्याभूति गर्न सहज हुन्छ। शैक्षिक सेवा प्रवाहमा प्रभावकारिता ल्याउन सूचना र सञ्चार प्रविधिको उपयोग अनिवार्य भइसकेको सत्यतालाई नकार्न मिल्दैन। आजको प्रतिस्पर्धात्मक समयमा शिक्षणमा सूचना प्रविधिको पहुँचको बिस्तारमा जोड दिएर अगाडि बढ्नुको विकल्प देखिँदैन।

सूचना प्रविधिको इतिहासलाई हेर्ने हो भने वि.स. २०४९ सालदेखि मात्र विद्यालय तहको शिक्षादेखि कम्प्युटर प्रविधि सम्बन्धी पठनपाठन हुँदै आएको देखिन्छ। शिक्षामा सूचना र सञ्चार प्रविधिको उपयोगको आवश्यकता शैक्षिक पहुँचको विस्तार गर्न, सक्षमता तथा शैक्षिक गुणस्तर अभिवृद्धि गर्न, सिकाइलाई रोचक, प्रभावकारी र दिगो बनाउन, ज्ञानको दायरा फराकिलो बनाउन शिक्षकहरूको पेसागत दक्षता बढाइ शिक्षणको गुणस्तरमा सुधार ल्याउन सूचना प्रविधिको प्रयोग गर्न थालिएको सन्दर्भलाई हामीले साकार बनाउन जरुरी छ।

व्यवस्थापकीय प्रणालीमा सुधार ल्याउन, सक्षम तथा दक्ष जनशक्तिको उत्पादन गर्न, सूचना र सञ्चार प्रविधिमा पहुँच हुने र नहुनेबीचको खाडल कम गर्न र निरन्तर तथा जीवन पर्यन्त सिकाइलाई प्रोत्साहन गर्नका लागि पनि सूचना र प्रविधिलाई कक्षाकोठाबाट नै जग हाल्न जरुरी भएको छ। राष्ट्रिय पाठ्यक्रम प्रारूपमा सूचना र प्रविधिलाई शैक्षिक प्रवर्द्धनको मुख्य साधनको रूपमा लिइएको छ। प्रारूपले विद्यालय शिक्षासँग सम्बन्धित सूचना तथा तथ्यांकहरूको सञ्चार गर्ने साधनको रूपमा, विद्यालयमा अध्यापन हुने अन्य विषयहरू शिक्षण गर्ने साधनको रूपमा र सूचना प्रविधि एक छुट्टै विषयको रूपमा शिक्षण गर्न प्रेरित गरेको छ। यसलाई विद्यालय तहको व्यवस्थापनले मात्र सम्भव हुनसक्छ। नेपालमा सूचना तथा प्रविधि नीति ०६७ पारित भइसकेको छ। जसमा सूचना र प्रविधिको विकास तथा विस्तारका लागि आवश्यक पूर्वाधारको विकास शिक्षा क्षेत्रमा यसको प्रवर्द्धन गर्ने लगायतका नीतिगत व्यवस्था गरेको छ। त्यति मात्रै नभई विद्युतीय शासन गुरुयोजना सूचना तथा सञ्चार प्रविधिको उपयोगद्वारा सेवा प्रवाहको स्तर अभिवृद्धि गर्नुका साथै यसका लागि शिक्षा एक प्राथमिकता प्राप्त क्षेत्रका रूपमा पहिचान गरिएको छ। आज विश्व नै सूचना प्रविधिका कारणले एउटा सानो गाउँ झैं बन्दै गएको छ। विश्वका कुनै कुनामा भएका नयाँ खोज अनुसन्धान र घटना क्षणभरमा नै संसारभर सञ्चार हुन्छन्।

प्रविधिको उपयोगले विश्वलाई साँघुऱ्याउँदै लगेर एउटा भूमण्डलीय ग्रामका रूपमा विकास गर्न महत्वपूर्ण भूमिका निर्वाह गरिरहेको देखिन्छ। सूचना र प्रविधिको प्रयोगले कक्षामा शिक्षण कार्य प्रभावकारी हुन्छ। विद्यार्थी सिकाइप्रति जागरूक हुन्छन् भने सिकाइ पनि चीरस्थायी हुन्छ। सुनेका कुराभन्दा देखेर सिकेको सिकाइ स्वभाविकै रूपमा दीर्घकालीन हुन्छ। प्रविधिको उपयोगले गर्दा सिकाइको उद्देश्य हासिल गर्न सहज हुन्छ भने विद्यार्थी सिकाइप्रति उत्प्रेरित हुन्छन्। तसर्थ, प्रविधिको प्रयोग पठनपाठनका लागि अनिवार्य बन्दै गएको छ। गुणस्तरीय शिक्षाका लागि शिक्षकले आफूलाई पेशागत दृष्टिले दक्ष र सक्षम बनाउनका लागि प्रविधिको उपयोग जरुरी हुन्छ। पठनपाठनमा नवीन विषयवस्तु विधि प्रक्रिया, बालमनोविज्ञान आदिप्रतिको बुझाइ, सिकाइ, ज्ञान, शीप, मनोवृत्ति जस्ता पक्षको विकास गर्दै कक्षा कोठाको वातावरणमा परिवर्तन ल्याउन र विद्यार्थी केन्द्रित सिकाइ गर्नका लागि पनि प्रविधिको प्रयोग प्रभावकारी हुने कुरामा दुईमत रहँदैन। हाम्रो जस्तो विकासशील राष्ट्रका लागि देशका सबै विद्यालयमा विद्युत्को सर्वसुलभ अभावका कारण पनि प्रविधिको उपयोगमा कठिनाई हुँदै आएको छ। शिक्षकलाई पनि समयसापेक्ष रूपमा सूचना र प्रविधिको उपयोगका सम्बन्धमा तालिम दिएर शिक्षकलाई सक्षम बनाई राख्नुपर्ने हुन्छ।

आज केही सुविधासम्पन्न विद्यालयमा बाहेक अन्यन्त्र सूचना र प्रविधिको उपयोग भएको देखिन्न। पछिल्लो समयमा शिक्षा मन्त्रालयबाट शिक्षामा सूचना तथा सञ्जाल प्रविधि सम्बन्धी गुरुयोजनामा अन्तरक्रियात्मक डिजिटल विषयवस्तुको विकास, सूचना प्रविधि र मानवस्रोतको विकास, सूचना प्रविधि पूर्वाधारको विकास र विद्यालयमा इन्टरनेटको जडान जस्ता प्राविधिक पक्षलाई समेटिएका छन्। सूचना र प्रविधिको सहजरूपले उपयोग गर्नका लागि सम्बन्धित उद्योग र सूचना प्रविधि शिक्षा दिने शैक्षिक संस्थाहरूका बीचमा सहकार्यको उत्तिकै खाँचो देखिन्छ। परम्परागत शिक्षण विधि बदलिएमा नविनतम् प्रवर्द्धनात्मक विधिहरूको प्रयोग, सिकारुहरूको सिकाइलाई सहजीकरण गरी मनोरञ्जनपूर्ण वातावरणमा सहज र सुलभ सिकाई गर्न, सिकाइलाई अर्थपूर्ण र उपयोगी बनाउनका लागि पनि सूचना र प्रविधिको उपयोग गर्नुपर्ने देखिन्छ। हाल सञ्चालनमा रहेको दूरशिक्षा पनि सूचना र प्रविधिको उपयोगबाटै सम्भव भएको हो। अबका दिनमा सबै विद्यालयमा विद्यार्थीको रुची अनुसार आफ्नो स्रोत र साधनले धान्ने सम्मका प्रविधिको प्रयोगलाई बढाउँदै लैजानुपर्छ। जसले गर्दा पठनपाठन प्रभावकारी बन्छ भने सिकाइको उद्देश्य प्राप्तिमा पनि सहजता ल्याउन महत्वपूर्ण भूमिका निर्वाह गर्दछ। यसका लागि सबै सरोकारवालाको भूमिका जिम्मेवारी महत्वपूर्ण हुन्छ।

## गुह्येश्वरीमा छात्रवृत्ति वितरण

□ **उमानाथ भण्डारी**

**कमल, माघ १७।** झापाको कमल गाउँपालिका-५स्थित गुह्येश्वरी आधारभूत बिद्यालयले बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गरेको छ।

वि.सं. २०६९ सालमा स्थापना भएको बिद्यालयले अक्षयकोषबाट प्राप्त हुने ब्याजबाट हरेक बर्ष कक्षा १देखि ८ सम्मका प्रथम द्वितीय र तृतीय हुने बिद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्दै आएको छ।

कार्यक्रममा प्रथम द्वितीय र तृतीय हुने बिद्यार्थीहरुलाई क्रमशः एक हजार, सात सय र पाँच सय रुपैयाँका दरले तथा गरीब तथा जेहेन्दार बिद्यार्थीलाई जनही पाँच सय रुपैया गरी जम्मा ३२ जना बिद्यार्थीलाई प्रमुख अतिथि कमल गाउँपालिकाका शिक्षा शाखा प्रमुख सूर्य न्यौपानेले छात्रवृत्ति प्रदान गरेको विद्यालयका सहायक प्रधानाध्यापक बिष्णुप्रसाद खनालले जानकारी दिए।



सोही कार्यक्रममा विद्यालयमा अध्ययनरत् दुई जना अनाथ बालबालिकालाई दमक उद्योग बाणिज्य सघका कार्य समिति सदस्य लक्की श्रेष्ठले अभिभावकत्व ग्रहण गरेको बताइएको छ।

बिद्यालय बिकास समिति संयोजक खगेन्द्रप्रसाद तिवारीको सभापतित्वमा सम्पन्न कार्यक्रममा कमल गाउँपालिका शिक्षा शाखा प्रमुख सूर्यप्रसाद न्यौपानेको प्रमुख आतिथ्य तथा कमल गाउँपालिका-५का वडाध्यक्ष डम्बरबहादुर निरौलाको विशेष आतिथ्यमा भएको कार्यक्रममा विद्यालय बिकास समिति, शिक्षक अभिभावक संघका पदाधिकारी, आमा समूह, सामाजिक लेखा परीक्षक समितिका पदाधिकारी, बाल क्लबका पदाधिकारी, अभिभावक, बिद्यालयका पूर्वबिद्यार्थी लगायतको सहभागिता रहेको थियो।

कार्यक्रम विद्यालयका शिक्षक मदन अधिकारीले सञ्चालन गरेका थिए भने प्रधानाध्यापक टंकप्रसाद गजुरेलले स्वगत गरेका थिए।

## गायक विवेक कार्कीको चौथौ स्मृति दिवस

**भद्रपुर, माघ १७।** युवा गायक विवेक कार्कीको चौथो स्मृति दिवस भद्रपुरमा विविध कार्यक्रमका साथ सम्पन्न भएको छ।

विवेक कार्की स्मृति सांगीतिक प्रतिष्ठान नेपालको आयोजनामा झापाको भद्रपुरस्थित श्रीकृष्ण द्वैपायन गुरुकुल वेद विद्याश्रमको सभाकक्षमा विविध सांगीतिक र आध्यात्मिक कार्यक्रम भएको हो।

प्रदेश सांसद बसन्त बानियाँको प्रमुख आतिथ्य र प्रतिष्ठानका अध्यक्ष चिन्तामणि दाहालको अध्यक्षतामा स्वस्ती वाचन, शास्त्रीय नृत्य, आधुनिक गीत गायन, वेदपाठ, पुजापाठ, ब्राम्हण भोजन र बटुक भोजनका लागि खाद्य सामग्री हस्तान्तरण लगायतका कार्यक्रम गरिएको हो।

सो अवसरमा विवेकका मातापिता तथा प्रतिष्ठानका संरक्षक लक्ष्मी कार्की र रिता कार्कीले कार्यक्रमका लागि आवश्यक रकमको व्यवस्था गरेका थिए। कार्यक्रममा सांसद बानियाँले गायक विवेकले युवावयमै संगीतको क्षेत्रमा दिएको योगदान अविस्मरणीय रहेको चर्चा गर्दै संगीत क्षेत्रको विकास र प्रबर्द्धनबाट मात्र देशले समृद्धि र उचाई हासिल गर्ने बताए।

युवा बयमै आधुनिक गीतमा सिद्धहस्त गायक र संगीतकार भइसकेका विवेकको २०७३ साल माघ १७ गते हृदयाघातबाट ३० बर्षको अल्पायुमै निधन भएको थियो।

## शहीद दिवसमा बालबालिकाहरूलाई योग शिविर



**चारआली, माघ १७।** पातञ्जल योग मेचीनगर समितिको आयोजनामा चारआलीस्थित आइतबारे हाटको सामुदायिक भवनमा पाँच दिने योग शिविर भइरहेको छ।

पातञ्जल योग मेचीनगर नगर समितिका अध्यक्ष टेकेन्द्र ढकालको सभापतित्व तथा प्रदेश नं. १का उपाध्यक्ष केशव ताम्राकारको प्रमुख आतिथ्यमा योग शिविरको उद्घाटन गरिएको थियो। मेचीनगर वडा नं. १३ का वडाध्यक्ष कष्णराज सिग्देलको विशेष आतिथ्य रहेको उद्घाटन कार्यक्रममा विद्यालयका कक्षा ६देखि माथिका विद्यार्थीको सहभागिता रहेको छ। बालबालिकाहरुलाई तिनीहरुको पाठ्यपुस्तकमा रहेको योग साधना शिक्षालाई प्रयोगात्मक रुपमा लाभान्वित गराइने योग शिविरको उद्देश्य रहेको संस्थाका अध्यक्ष ढकालले बताए।

कार्यक्रममा पातञ्जल झापा जिल्ला उपाध्यक्ष श्याम ल्वागुन, प्रदेश नं. १ कि सदस्य अनिता गुरागाई, पं. लेखनाथ निरौला, सुदर्शन बराल, हर्क भट्टराई लगायतले शुभकामना मन्तव्य राखेका थिए।

कोषाध्यक्ष पवित्रा दाहालले स्वागत तथा सदस्य सुनिता शर्माले कार्यक्रम सञ्चालन गरेकी थिइन्।

## लायन्स तथा लियो क्वलको आयोजनामा केर्खामा रक्तदान

**कमल, माघ १७।** लायन्स तथा लियो क्लवको आयोजनामा केर्खामा रक्तदान कार्यक्रम सम्पन्न भएको छ।

सामाजिक कार्य गर्दै आएको लायन्स क्लव अफ केर्खा तथा लियो क्लव अफ केर्खा र लायन्स क्लव अफ दमक स्वीटसिटी तथा लियो क्लव अफ दमक स्वीटसिटीको संयुक्त आयोजना तथा नेपाल रेडक्रस सोसाइटी दमकको प्राविधिक सहयोगमा केर्खामा रक्तदान कार्यक्रम सम्पन्न भएको थियो।

लायन्स क्लव अफ केर्खाका अध्यक्ष अग्नि प्रसाद कोइरालाको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि कमल गाउँपालिकाका अध्यक्ष मेनुका काफ्लेले लायन्स क्लवले समाज परिबर्तनका लागी गरेको सामाजिक कार्यको प्रशंसा गरेकी थिइन्।




कार्यक्रममा एन.एल.एम चिफ अजय अग्रवाल, चियर पर्सन विश्वस बाबु काश्यप, कमल उद्योग वाणिज्य संघका अध्यक्ष उमानाथ भण्डारी, केर्खा बजार व्यवस्थापन समितिका अध्यक्ष अमल श्रेष्ठ लगायतको सहभागिता रहेको थियो।

कार्यक्रमा ३५ जना पुरुष र २५ जना महिला गरी जम्मा ६० जनाले रक्तदान गरेको लायन्स क्लव अफ केखाका सचिव लेखनाथ सुवेदीले जानकारी दिए।

# बालकल्याणका पूर्वविद्यार्थीद्वारा सम्मान



**गौरीगञ्ज, माघ १७।** भुतपूर्व विद्यार्थी समाज बालकल्याण मावि गौरीगञ्ज-१ ले एक कार्यक्रमको आयोजना गरी विद्यालयका भुतपूर्व प्रअ र कर्मचारीलाई सम्मान गरेको छ ।

झापाको चर्चित पर्यटकीयस्थल दोमुखामा भुतपूर्व विद्यार्थी पुनर्मिलन सम्मान तथा वनभोज कार्यक्रममा समाजले २०३८ सालदेखि विद्यालयमा अनवरत सेवा पुऱ्याउँदै आएका कर्मचारी बाजे भीमप्रसाद खनाललाई नगद पाँच हजार रूपैयाँ र सम्मानपत्रसहित दोसल्लाह ओढाएर सम्मान गरेको हो । उनलाई गौरीगञ्ज गाउँपालिकाका उपाध्यक्ष तथा कार्यक्रमका प्रमुख अतिथि दिपीन्द्र थापा, संस्थाका अध्यक्ष विष्णु पौडेल, वार्ड नं. १का अध्यक्ष कार्तिकलाल राजवंशीलगायतले सम्मान गरेका थिए ।

भुतपूर्व विद्यार्थी समाज बालकल्याण माविले विद्यालय र विद्यार्थीलाई हित र उन्नतिमा विशेष योगदान पुऱ्याए बापत उनीसहित विद्यालयका ५ जना भुतपूर्व प्रधानाध्यापकलाई खादा ओढाएर सम्मानपत्रसहित सम्मान गरेको थियो । सम्मानित हुने प्रधानाध्यापकहरूमा जयलाल राजवंशी, नारायणबहादुर कार्की, भोलाप्रसाद खतिवडा, देवीप्रसाद बराल, अच्युत नेपाल थिए । त्यसैगरी संस्थाले २०६१ सालमा मोटरसाईकलमा दुर्घटना भएका विद्यालयका भुतपूर्व शिक्षक मोहनप्रसाद ओलीकि श्रीमती सीता ओलीलाई सशक्त नारी सम्मानले सम्मानित गरेको थियो भने ८ जना भुतपूर्व विद्यार्थीलाई मायाको चिनो प्रदान गरिएको थियो ।

गौरीगञ्ज गाउँपालिका-१, कुञ्जिवारीमा वि.सं. २०१७ सालमा स्थापना भएको बालकल्याण माविमा एसएलसी दिने दोस्रो ब्याचका तीन जान भुतपूर्व विद्यार्थीले छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने घोषणा गरेका छन् ।

बालकल्याण माविबाट एसएलसी दिने दोस्रो ब्याचका प्याब्सन सुनसरीका अध्यक्ष तथा विद्यालयका भुतपूर्व विद्यार्थी विष्णु कोईराला, भुतपूर्व विद्यार्थी जमुना राजवंशी र सुशीला निरौलाले ५१ हजार रूपैयाँको छात्रवृत्ति अक्षयकोष स्थापना गर्ने घोषणा गरेका हुन् ।

उक्त अक्षयकोषलाई १ लाख रूपैयाँसम्म पुऱ्याई त्यसको ब्याजबाट वार्षिक रूपमा हुन आउने रकमबाट विद्यालयका मेधावी तथा जेहेन्दार विद्यार्थीलाई प्रोत्साहनस्वरूप पुरस्कृत गरिने भुतपुर्व विद्यार्थी समाज वालकल्याण माविका अध्यक्ष विष्णु पौडेलले जानकारी गराएका छन् ।

भुतपूर्व विद्यार्थी समाज बालकल्याण माविका अध्यक्ष विष्णु पौडेलको अध्यक्षतामा भएको सम्मान तथा वनभोज कार्यक्रममा प्रमुख अतिथि दिपिन्द्र थापा, वार्ड नं. १का अध्यक्ष कार्तिक लाल राजवंशी, विद्यालयको पहिलो ब्याचबाट कल्याणराज दाहाल पूर्वशिक्षक चन्द्रबहादुर खड्का, तत्कालीन गाविस उपाध्यक्ष देवेन्द्र राजवंशी, व्यवस्थापन समितिका पुर्व अध्यक्ष प्रशुराम काफ्ले, शिक्षा अधिकृत केशवप्रसाद भट्टराई , सुनसरी प्याब्सनका अध्यक्ष विष्णु कोइराला, पत्रकार राजेन्द्र गौतम लगायतले शुभकामना मन्तव्य राखेका थिए ।

आफ्नो स्थापनाको दोस्रो वर्षको अवसरमा समाजले विद्यालयका पूर्व कर्मचारी र प्रअहरूलाई सम्मान गर्ने कार्यक्रमसहित सशक्त नारी सम्मान कार्यक्रम आयोजना गरेको हो । सशक्त नारी सम्मान र कर्मचारी सम्मान कार्यक्रमलाई निरन्तरता दिइने समाजका अध्यक्ष पौडेलले जानकारी गराएका छन् ।

कार्यक्रममा भुतपूर्व विद्यार्थी सदस्यता समेत वितरण गरिएको थियो भने कार्यक्रमलाई सफल बनाउन देश विदेशमा रहनुहुने विद्यालयका भुतपूर्व विद्यार्थीले आर्थिक सहयोग गरेका थिए ।

भुतपूर्व विद्यार्थी राजन निरौलले स्वागत गरेको कार्यक्रमको सञ्चालन समाजका सचिव भवानी काफ्लेले गरेका थिए ।

# छात्रालाई नि:शुल्क प्याड

**बिर्तामोड, माघ १७।** झापाका नीजि विद्यालयमा अध्ययनरत् छात्रालाई नि:शुल्क सेनिटरी प्याड वितरण शुरु गरिएको छ ।


बिर्तामोडमा रहेको भूमिका सप्लायर्सले अर्जुनधारा-६ महानन्दचौकमा रहेको कञ्चनजंघा हस्पिटल इक्यूपमेन्ट प्रालिद्वारा उत्पादित कञ्चन सेनेटरी प्याड छात्रालाई नि:शुल्क वितरण गरेको हो ।

कञ्चन सेनेटरी प्याडको झापाका लागि आधिकारिक विक्रेता भूमिका सप्लायर्स बिर्तामोडका कार्यालय प्रमुख सन्तकुमार राजवंशी (सन्तोष ) ले सामुदायिक विद्यालयमा अध्ययनरत् छात्रालाई सरकारले नि:शुल्क सेनेटरी प्याड वितरण गरेपनि निजी विद्यालयमा अध्ययनरत् छात्रालाई सेनेटरी प्याड वितरण नगरेकाले आफूहरुले निजी विद्यालयमा कञ्चन सेनेटरी प्याड नि:शुल्क वितरण गर्न शुरु गरेको बताए ।

भूमिका सप्लायर्स बिर्तामोडले शनिबारदेखि बिर्तामोडमा सेवा प्रारम्भ गरेको छ । हालसम्म झापाका १० वटा नीजि बिद्यालयका एक हजार दुई सय भन्दा वढी छात्रालाई नि:शुल्क बितरण गरिएको उनले बताए ।

कार्यक्रममा कञ्चनजंघा हस्पिटल इक्युपमेन्ट प्रालिका म्यानेजर रुशिल श्रेष्ठ र सेल्स अफिसर सेमन्त पोखरेलले कञ्चन सेनेटरी प्याड स्थानीय उत्पादन भएकाले यो टिकाउ र स्वस्थवर्द्धक हुने बताए । सेल्स अफिसर सेमन्त पोखरेलले कञ्चन सेनेटरी प्याड लिकेज नहुने भएकाले प्रयोग गर्न सुरक्षित रहेको जानकारी दिए ।

फ्युचर केमीकल्स प्याकेजिङ उद्योगका म्यानेजिङ डाइरेक्टर चन्दनकुमार चौधरीले आफूले कोरियामा सिकेको सिपले उद्योग सञ्चालन गरेको बताउँदै स्वदेशी



उत्पादनलाई प्रोत्साहन गर्न भूमिका सप्लायर्स बिर्तामोडले सहयोग गरेको बताए ।

झापा, इलाम, पाँचथर, ताप्लेजुङका लागि मिरेफेस ब्राण्डका सरसफाईका सामग्रीको आधिकारिक विक्रेताको रुपमा भूमिका सप्लायर्स बिर्तामोड रहेको भूमिका सप्लायर्स बिर्तामोडका व्यवस्थापक लोकनाथ नेपालले बताए ।

कनकाईका मेयरको अर्को उदाहरणीय कार्य

# मेयरको गाडी प्रहरीलाई



**सुरुङ्गा, माघ १७।** कनकाई नगरपालिकाका मेयर राजेन्द्रकुमार पोखरेलले अर्को उदाहरणीय कार्य गरेका छन् ।

उनले आफू चढ्ने गरेको गाडी समेत प्रहरीलाई प्रदान गरेका छन् । देशका अन्य पालिकाहरुमा नगरप्रमुख, उपप्रमुख र वार्ड अध्यक्षहरुले महँगो मुल्यका गाडी सुविधा लिइरहेको समाचार आइरहेको बेला कनकाई नगरका मेयर पोखरेलले भने आफूले चढ्ने गाडी नै प्रहरीलाई दिएका छन् । विशेष कार्यक्रमकाबीच मेयर पोखरेलले आफू चढ्ने बुलेरो गाडीको चाबी इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रमुख प्रहरी नायब निरीक्षक उदय शम्सेर जबरालाई हस्तान्तरण गरे ।

कार्यक्रममा बोल्दै नगरप्रमुख पोखररेलले आफूले चढ्नुभन्दा प्रहरीलाई दिदा जनताको जीउधनको सुरक्षा बढी हुने भएकोले आफूले चढ्ने गाडी प्रहरीलाई दिएको बताए । यसअघि मेयर पोखरेलले नगरको गाडी किन्न छुट्टाएको ५० लाख रुपैयाँ रकम समेत प्राविधिक शिक्षाका लागि प्रदान गरेका थिए भने धेरैजसो समय उनी साइकलमा यात्रा गर्ने गरेका छन् ।

प्रहरीले गाडी पाएपछि जनताको सुरक्षाका लागि आफूहरुलाई सहज भएको इलाका प्रहरी कार्यालय सुरुङ्गाका प्रहरी प्रमुख जबराले बताए । कनकाई नगरपालिकाले जननिर्वाचित जनप्रतिनिधि आएपछि हालसम्म पनि कुनै गाडी खरिद गरेको छैन ।

कार्यक्रममा कनकाई नगरपालिका उपप्रमुख मञ्जु प्रसाई, प्रमुख कार्यकारी अधिकृत मोहनप्रसाद नेउपाने, वार्डअध्यक्ष परशुराम गिरी लगायतको उपस्थिति रहेको थियो ।


## निक्षेप रकम उपर हकदावी गर्न आउने
## ३५ दिने सूचना

राहदल सिं राईको नाती, देवराज राईको छोरा १ नं प्रदेश इलाम जिल्ला इलाम नगरपालिका वडा नं.०३ बस्ने अम्बर बहादुर राईले यस इलाम शाखामा खाता नं. २१११५२४०३००२४६ संचालन गर्दै आउनु भएकोमा मिति २०७७.०१.१६ मा निज खातावाला अम्बर बहादुर राईको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउं भनी निज मृतकको श्रीमती नाता पर्ने अनिता राईले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजात सहित यस बैंक समक्ष निवेदन दिनु भएकोले यो सूचना प्रकाशित गरिएको छ । **बैंक तथा वित्तीय संस्था सम्वन्धि ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक अम्बर बहादुर राईको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स–प्रमाण दाबी गर्न यस बैंकको इलाम शाखामा आउनुहोला । अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने वेहोरा समेत जानकारी गराईन्छ । पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ ।

नेपाल एसबिआई बैंक लिमिटेड
NEPAL SBI BANK LTD.

इलाम शाखा, इलाम
फोन नम्बर: ०२७-५२१७२४
फ्याक्स: ०२७-५२१७३१

## भूमिसुधार कार्यालय भद्रपुर, झापाको
## मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जगगाको जगगाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९को दफा १०(९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ । यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला । तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सू. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| झापा चौधरी | राजगढ ( ९ | २२४४ | ०(४(१० | वजारु थारु |
| प्रमिला पराजुली | गरामनी ( ९ | १२७ | १२२०.०० | मेदनी प्रसाद |
| दिल माया तामाङ | गौरीगंज ( ८ | ५९२ | ५१९०.०० | मंगल हेमरम/मुङमल हवाङलुङ सतार |
| राम बा. थापा मगर | वाहुनडागी(३ | ३९१८ | ०(४(७ | सिकारी धिमाल |
| टंकुलाल सिंह धिमाल समेत<br>" | शान्तिनगर(३<br>" | ६४<br>७८ | ०(५(१०<br>०(४(० | हेम लाल धिमाल<br>" |
| टंकु लाल धिमाल | शान्तिनगर(३ | ८३ | ०(१(१७ | पुर्जि धिमाल |
| वच्ची माया थापा मगर | वाहुनडागी(३ | ३७३ | ०(२(१२ | पुजौ / पुर्जि धिमाल |
| योग राज भट्टराई समेत | शान्तिनगर(३ | १०३ | ०(०(१५ | दमाइ धिमाल |
| योग राज भट्टराई समेत | शान्तिनगर(३ | ८९ | ०(१(२ | सिकारी धिमाल |
| योग राज भट्टराई | शान्तिनगर(३ | १०४ | ०(०(१० | दल दली धिमाल |
| योग राज भट्टराई | शान्तिनगर(३ | ८७ | ०(५(५ | हेम लाल / सिकारी धिमाल |
| शेव लाल धिमाल | शान्तिनगर(३ | ९० | ०(०(१० | विख/निझारु/निजास धिमाल |
| देवी प्रसाद दंगाल | गौरादह ( ९ | ९४ | ५६०.०० | लड्डु सतार |
| चेत राज ओली | ज्यामिरगढी(९ | १४८ | ०(०(० | वुधुवा उराउ |

## साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई

झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस् ।



सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

## घर बिक्रीमा

अर्जुनधारा–६ महानन्द चोक नेपाली कांग्रेस पार्टी कार्यालय पूर्व ९½ धुर जग्गामा ३ तला संरचना, पूर्व मोहडा, पार्किङ सुविधा, भूइँतला टाली, मार्बल भएको घर तु–बिक्रीमा छ ।

सम्पर्क: ९८०७९६५३०९

## पसल बिक्रीमा

झापा बुद्धशान्ति गाउँपालिका–३ बुधबारे चौक (बैंक अफ काडमाडौंको तल्लो तला)मा चालू अवस्थामा रहेको 'ल्याभिस इम्पोरियम फेसन वेयर' बिक्रीमा रहेकाले इच्छुकले तुरुन्त सम्पर्क गर्नुहोला ।

सम्पर्क: ९८४२७७३६२०, ९८४२६५५४१३

## कर्मचारी आवश्यकता

यस सम्पन्न बचत तथा ऋण सहकारी संस्था लि. का लागि निम्न अनुसारको कर्मचारी आवश्यक परेको हुँदा इच्छुक व्यक्तिले तु-सम्पर्क गर्नुहोला ।

१) पद: बजार प्रतिनिधि, संख्या: १० जना
स्थान: माईधार, सुरुङ्गा, दुर्गापुर, लक्ष्मीपुर, चारपाने, बिर्तामोड, बैसाबाडी, अर्जुनधारा, चैतुबारी, बुट्टाबारी, बिर्ताबजार, सैनिकमोड, गरामनी
तलब+सेवासुविधा: आपसी समझदारीमा
योग्यता: SLC, +२
२) पद: लेखापाल संख्या: २ जना
स्थान: बिर्तामोड/सुरुङ्गा
तलब: आपसी समझदारीमा
३) पद: व्यवस्थापक संख्या: १ जना
तलब: आपसी समझदारीमा

सम्पन्न बचत तथा ऋण सहकारी संस्था
फोन: ०२३-५४५९८३, ०२३५५०६७६

## फ्ल्याट तथा घर भाडामा

बिर्तामोडस्थित पश्चिम बस स्टेण्ड उत्तर हाइवेले छोएको युनाइटेड फाइनान्स बसेको घरको दोस्रो तला बैंक, सहकारी फाइनान्सको लागि उपयुक्त फ्ल्याट भाडामा छ । साथै त्यही घरको पछाडि रहेको २ तले घर समेत भाडामा छ ।

सम्पर्क : ९८५२६४१७४०, ९८४४६९८३४०

## सेफ्टी ट्याङ्की तथा ढल सफाई

अत्याधुनिक ट्र्बो (Trabo) प्रविधि सिस्टमको ठूलो ट्याकीबाट सस्तोमा दुगन्धरहित हजुरहरुको सेफ्टी ट्यांकी सरसफाई गर्नु परेमा हामीलाई सम्झनुहोस् ।

'चट्ट फोट झट्ट सेवा'



सम्पर्क: ०२३-५५०६२०, ९८४२६५५७००, ९८०४९३८१००, ९८०७९३०७४०, ९८१७९२९३९४

## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस् ।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला ।
## झापा सेफ्टी ट्यांकी तथा ढल सफाई

बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५



दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०

झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ ।

## गमला चाहिएमा

घर कम्पाउण्डमा फूल रोप्न, बगैंचा सजाउन साथै सागसब्जी कौशीखेतीका लागि अति उपयोगी कंक्रिटका शानदार गमला सुपथ मूल्यमा चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस् । धेरै संख्यामा लिनेलाई डेलिभरीको पनि व्यवस्था छ ।



सम्पर्क: भूपाल कार्की
९८०१४०४०००
९८१६६४१५७३
अर्जुनधारा–५, विहीवारे बजार लक्ष्मीपुर

## हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार

पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार ।


**जाँच तथा उपचार हुने समस्याहरु**
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ ।
- प्लाराइसीस भएका तथा हिड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ ।

**स्पार्क पूर्वाञ्चल अस्पताल,** कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५४०१२३, ९८०३१५४६१९)

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

नेपाली कथानक चलचित्र (शिव श्रेष्ठको)
**एउटा यस्तो प्रेम कहानी**
माघ १ गतेबाट प्रदर्शनमा

हिन्दी चलचित्र
**विजय दि मास्टर**



पहिलो शो ११:४५ ।
दोस्रो शो २:४५ ।
तेस्रो शो ६:३०

बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वत: क्यान्सिल हुनेछ । (फोन नं. ०२३-५४६४३६)

## हार्दिक श्रद्धाञ्जलि

मेरो भाइ, देवर, हाम्रा काका, हजुरबुबा बुद्धशान्ति–४ देवीबस्ती निवासी **वेदप्रसाद निरौला**को यही मिति २०७७ माघ ६ गते मंगलबार ८१ वर्षको उमेरमा भएको असामयिक निधनले हामीलाई मर्माहत एवम् स्तब्ध बनाएको छ । यस दु:खद् क्षणमा गतात्माको बैकुण्डबास र सामुज्य मुक्तिको कामना गर्दै आज १३औं दिनको पुण्यतिथिमा उहाँप्रति भावपूर्ण श्रद्धाञ्जलि अर्पण गर्दछौं ।



दाजु : **प्रजापति निरौला**
भाउजु : **मित्रुबिन्दा निरौला**

भतिजा/बुहारीहरु :
**धर्मानन्द – गंगा निरौला**
**छविलाल – सरस्वती निरौला**
**तुलाराम – तिलरुपा निरौला**
**तुलसीप्रसाद – आर्जु निरौला**

भतिजी/ज्वाइँहरु :
**दिलकुमारी मिश्र**
**चित्राकुमारी–खगेन्द्र** [redacted]
**विष्णुमाया–गणेश** [redacted]
**कृष्णा–भजन भट्टराई**
**इन्दिरा–दिनेश गौतम**

नातिहरु :
**चेतन, नितेश, सुशन, प्रशिद्ध, तेजश, अजय, अनिष,** [redacted]

नातिनी-नातिनीज्वाईं : **समिता–विवेक खड्का**

एवम् **समस्त निरौल** [redacted]




**ज्यो. मधुसूदन रिजाल**
(स्वर्णपदक विजेता)
वैदिक ज्योतिष परामर्श केन्द्र
शनिश्चरे रोड, बिर्तामोड (९८४२०५७४९९)

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
छिटो फल प्राप्त गर्ने आकांक्षाले समस्या निम्त्याउनेछ । अवसरको खोजीमा केही दौडधुप गर्नुपर्ला । संयम रहनुपर्ला ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो) -**
केही विवादास्पद काम गर्नुपरे पनि मध्याह्नदेखि स्थितिमा सुधार आउनेछ र प्रयत्न गर्दा लक्ष्यमा पुग्न सकिनेछ ।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
अवसरले पछ्याउनेछन् भने दिगो फाइदा हुने काममा जग बसाउने मौका छ । मेहनतले नाम, दाम र इनाम दिलाउनेछ । आम्दानीका नयाँ स्रोत फेला पर्नेछन् ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
अवसरका लागि केही संघर्ष गर्नुपरे पनि नयाँ काममा हात हाल्ने समय छ । बुद्धि लगाउँदा लक्ष्य पहिल्याउन सकिनेछ ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
मेहनतले जीवनशैलीमा परिवर्तन आउनेछ । दिउँसोदेखि दिगो फाइदा हुने जिम्मेवारी प्राप्त हुनेछ । परिश्रमले धेरैको मन जित्न सकिनेछ ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
मेहनतले लोकप्रियता र किर्तिमानी हासिल गर्न सकिनेछ । आम्दानीको केही हिस्सा भने खर्चनुपर्ने अवस्था आउनेछ ।

**तुला (र, रि, रु, रे, रो, ता, ति, तु, ते) -**
कमजोरीले चिन्ता बढाउनेछ भने परिस्थितिवश सानोतिनो कामले अलमल्याउन सक्छ । अरूका लागि बुद्धि खर्चनुपर्ला ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
आफ्नो उपलब्धिमा अरूले दाबी गर्न सक्छन् । दिउँसोदेखि स्थितिमा सुधार आउनाले काममा उत्साह जाग्नेछ ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
रोपकारी कामले धेरैको उपकार गर्न सकिनेछ । सामाजिक जिम्मेवारी प्राप्त हुनुका साथै आफ्नो क्षेत्रको नेतृत्व पनि हातलागी हुने समय छ।

[redacted]